मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ३४७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ पुस २५ गते शुक्रबार ❑ 9 Jan. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## नेपाली कलालाई विश्वमाझ चिनाउन प्रदर्शनी

**पोखरापत्र संवाददाता**
पोखरा, २४ पुस

पर्यटकीय राजधानी पोखरामा आजदेखि 'आर्ट इन हिमालय' कला प्रदर्शनी सुरु भएको छ।

सिर्जनशील कलाकार सूमह, पोखराको आयोजना र नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको सहकार्यमा आयोजित प्रदर्शनीको पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले शुभारम्भ गर्नुभयो। उहाँले नेपाली कलाकार र कलाकृतिलाई अन्तरराष्ट्रियस्तरमा चिनारी दिन प्रदर्शनीले सहयोग पुग्नेमा विश्वास व्यक्त गर्नुभयो । "प्रदर्शनी आफैँमा सिकाइ हो, नेपाली र अन्तरराष्ट्रिय जगतका कलाकारहरुबीच अनुभव, सीप र प्रविधिको आदानप्रदान हुनेछ", उहाँले भन्नुभयो, "पोखरालाई कलाका माध्यमबाट विश्वमाझ जोड्न यस्ता कार्यक्रमले मद्दत पुग्छ ।" आयरल्याण्डका कलाकार लोरा मर्फीले नेपाली कलाकारहरुसँगै प्रदर्शनीमा सहभागी हुन पाउँदा आफूहरु उत्साहित भएको बताउनुभयो । उहाँले पोखरा र यस आसपासका क्षेत्रका कलाकारलाई अन्तरराष्ट्रियस्तरका कलाकार हरुसँग जोड्न आफूले पहल गर्दै आएको बताउनुभयो । प्रदर्शनीमा सहभागी हुने विदेशी कलाकारको संयोजन मर्फीले गर्नुभएको हो । पोखरा-९ नयाँबजारस्थित पोखरा आर्ट ग्यालरीमा सुरु भएको प्रदर्शनीमा नेपालसहित सात देशका कलाकारका कलाकृति प्रदर्शनीमा राखिएको सिर्जनशील कलाकार समूहका अध्यक्ष डीबी गुरूङले बताउनुभयो । प्रदर्शनीमा नेपाली ३३ जना र अमेरिका, अष्ट्रेलिया, बेलायत, डेनमार्क, क्यानडा र आयरल्याण्डका गरी १५ जना विदेशी कलाकारले सहभागिता जनाएको उहाँको भनाइ छ । सात देशका कलाकारका ७० वटा कलाकृतिलाई प्रदर्शनीमा राखिएको हो । "यो प्रर्दशनी नेपाली कलाकार र उनीहरूका कलाकृतिलाई विश्वस्तरका कलाकारमाझ पुऱ्याउने माध्यम बन्नेछ", अध्यक्ष गुरुङले भन्नुभयो, "कलाकृतिलाई बिक्रीमा राखिने भएकाले नेपाली कलाकारलाई आर्थिक रूपमा लाभ पुग्नेछ ।" प्रदर्शनी तीन दिनसम्म चल्नेछ। बिहान १० देखि ५ बजेसम्म प्रदर्शनी अवलोकन गर्न सकिने जनाइएको छ। नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सदस्य राधिका कँडेलले नेपाली कला र कलाकारलाई अन्तरराष्ट्रिय रुपमा चिनाउने र कलामार्फत संस्कृति तथा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यलले प्रदर्शनीको आयोजना गरिएको बताउनुभयो । प्रदर्शनीसँगै कलाकृतिलाई बिक्रीमासमेत राखिएको उहाँको भनाइ छ । गतवर्ष भएको प्रदर्शनीमा विदेशी कलाकारले महँगो मूल्यमा नेपाली कलाकृति खरिद गरेको उहाँले सुनाउनुभयो । प्रतिष्ठानले कला प्रवर्द्धनका कार्यक्रममा जोड दिँदै आएको प्राज्ञ सदस्य कँडेलले बताउनुभयो । राजधानी र ठूला सहरमा मात्र हुँदै आएका ललितकला सम्बन्धी कार्यक्रमलाई विकेन्द्रित गर्ने प्रयास गरिएको उहाँको भनाइ छ।



व्यावसायिक रुपमा चित्रकला सफल विधा भएकाले नयाँ पुस्तालाई ललितकला अध्ययनमा प्रेरित गर्नुपर्ने उहाँले बताउनुभयो ।

दोस्रो चरणको प्रदर्शनी आगामी माघ १० गतेदेखि सुरु हुने आयोजक सिर्जनशील कलाकार समूह, पोखराले जनाएको छ । उक्त प्रदर्शनीमा २० जना विदेशी कलाकारसहित नेपाली कलाकारले सहभागिता जनाउने भएका छन् ।

## आगामी प्रतिनिधिसभा निर्वाचनमा ८० हजार सेना परिचालन हुने

**रासस**
काठमाडौं, २४ पुस

नेपाली सेनाले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ८० हजार जनशक्ति परिचालन गर्ने तयारी गरेको छ।

नेपाली सेनाका सहायक रथी एवम् प्रवक्ता राजाराम बस्नेतले निर्वाचनका सन्दर्भमा एकीकृत सुरक्षा योजना २०८२ अनुमोदन भई राष्ट्रपतिबाटसमेत स्वीकृत भइसकेकाले सोहीअनुसार फौज परिचालन हुने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "निर्वाचनका लागि एकीकृत सुरक्षा योजनाले मार्ग निर्देशन गरेअनुरुप निर्वाचनको एक महिना अघिबाट फिल्डमा सेना परिचालन हुनेछ ।" एकीकृत सुरक्षा योजना सरकारबाट अनुमोदन र सेनाको परिचालनका सम्बन्धमा राष्ट्रिय सुरक्षा परिषद्‌बाट पनि स्वीकृत भइसकेको छ । निर्वाचनका सिलसिलामा सेनाले तीन चरणमा काम गर्नेछ । निर्वाचनपूर्वको मुख्य जिम्मेवारी मतपत्र छपाइ सुरक्षादेखि महत्वपूर्ण संरचनाको सुरक्षाको जिम्मेवारी सेनाले बहन गर्नेछ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपालसँगको समन्वय र सहकार्यमा विमानस्थल, कारागारलगायत महत्वपूर्ण संरचनाको सुरक्षा जिम्मेवारी नेपाली सेनाले गर्नेछ। निर्वाचनका सिलसिलामा सेनाले चार वटै सुरक्षा निकाय र जिल्ला प्रशासनसँगको समन्वय, सहयोग र सहकार्यमा तल्लो तहसम्म निर्वाचनसँग सम्बन्धित एकीकृत तालिम र अभ्यास सञ्चालन गर्नेछ । निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्ने कार्यमा सहज होस् भन्ने हेतुले उक्त तालिम र अभ्यास गरिने छ । मतदानका समयमा निर्वाचनस्थल र केन्द्रमा खटिने क्रममा नेपाली सेना तेस्रो घेरामा रही राजनीतिक दल, उम्मेदवार, मतदाता र निर्वाचनमा खटिएका कर्मचारीलाई सुरक्षाको पूर्ण प्रत्याभूति दिलाउने छ।

विगतमा जस्तै आगामी निर्वाचनलाई लक्षित गरी सेनाले देशका विभिन्नस्थलमा सुरक्षा वेश स्थापना गर्ने तयारी गरेको छ। फागुन २१ गते मतदान सम्पन्न भएसँगै मत पेटिकाको ढुवानीदेखि मतगणनास्थलको सुरक्षालगायतका जिम्मेवारी सेनाले गर्नेछ। तोकिएको मितिमा निर्वाचन भयमुक्त वातावरणमा सम्पन्न गर्ने सिलसिलामा अहिले प्रदेशस्तरमासमेत सुरक्षा गोष्ठी सञ्चालन भइरहेका छन् । गोष्ठीमा प्राप्त सुझावका आधारमा परिस्थितिको मूल्याङ्कन र विश्लेषण गरी सरकारले थप सुरक्षा प्रबन्ध मिलाउनेछ।

सबै सुरक्षा फौज, स्थानीय प्रशासन र जनप्रतिनिधि सुरक्षाबीचका समन्वय र सहकार्यमा राज्यको प्राथमिक कार्यभारकारुपमा रहेको निर्वाचन सुरक्षा प्रदान गर्न आफूहरु तयार रहेको सेनाको भनाइ छ।

## प्रधानमन्त्री कार्की र अध्यक्ष ओलीबीच भेटवार्ता

**रासस**
काठमाडौं, २४ पुस

प्रधानमन्त्री सुशीला कार्की र नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीबीच भेटवार्ता भएको छ।

प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बिहीबार भएको भेटमा आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचन स्वच्छ र भयरहित वातावरणमा सम्पन्न गर्नेबारे छलफल भएको प्रधानमन्त्रीका प्रेस संयोजक रामबहादुर रावलले राससलाई जानकारी दिनुभयो।

संयोजक रावलका अनुसार प्रधानमन्त्री कार्कीले अध्यक्ष ओलीलाई सरकारले निर्वाचनको प्रबन्ध मिलाएको र ढुक्क भएर निर्वाचनमा भाग लिन आग्रह गर्नुभएको थियो । सोही क्रममा अध्यक्ष ओलीले प्रधानमन्त्री कार्कीसँग समग्रमा निर्वाचनको वातावरण बनेका खण्डमा आफ्नो पार्टी निर्वाचनबाट नभाग्ने उल्लेख गर्दै समग्र निर्वाचनको तयारी, अवस्था र सुरक्षाबारे चासो देखाउनुभएको थियो । भेटमा अधयक्ष ओलीले प्रधानमन्त्रीका श्रीमान् दुर्गा सुवेदीको स्वास्थ्य अवस्थाबारे समेत जानकारी लिनुभएको थियो।

## आगामी २७ गते काठमाडौं जान अनुरोध- बराल

**पोखरापत्र संवाददाता**
पोखरा, २४ पुस

पुसको मध्यसँगै काठमाडौंमा चिसो छिप्पिँदै छ, तर देशको सबैभन्दा पुरानो पार्टी नेपाली कांग्रेसभित्र भने राजनीति एकाएक तात्तिएको छ । महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले आउँदो पुस २७ र २८ गतेका लागि डाकेको 'विशेष महाधिवेशन' ले पार्टी पंक्तिमा नयाँ तरङ्ग ल्याइदिएको छ।

एकातिर पार्टीको केन्द्रीय कार्यालय 'सानेपा' ले महाधिवेशन रोक्न कडा उर्दी जारी गरिरहेको छ, भने अर्कोतिर काठमाडौंको ऐतिहासिक भृकुटीमण्डपमा महाधिवेशनको रौनक सुरु भइसकेको छ । १८ वटा विभिन्न उपसमितिहरू बनाएर 'जेन्जी' युवादेखि पुराना कार्यकर्तासम्मलाई परिचालन गरिँदा माहोल कुनै ठुलो चाड नजिकिए जस्तै देखिन्छ।



पार्टी केन्द्रले महाधिवेशन बहिष्कार गर्न निर्देशन दिइरहँदा कास्की कांग्रेसका सभापति किशोरदत्त बरालले भने त्यसको परवाह नगरी कार्यकर्तालाई बिहीवार विज्ञप्तिमार्फत काठमाडौं निम्तो पठाएका छन् । बरालले यसलाई केवल एउटा कार्यक्रम नभई 'विधि र विधान रक्षाको लडाइँ' को संज्ञा दिएका छन् । "पार्टीको १५ औं महाधिवेशन समयमै हुन सकेन, अब विधान बचाउन विशेष महाधिवेशनको विकल्प छैन," सभापति बरालले भावुक अपिल गर्दै भनेका छन् । उनले केन्द्रको परिपत्रलाई चुनौती दिँदै जिल्लाका महाधिवेशन प्रतिनिधिहरूलाई झोला बोकेर काठमाडौं हिँड्न आग्रह गरेपछि कांग्रेसभित्रको गुटगत ध्रुवीकरण छताछुल्ल भएको छ।

रोचक त के छ भने, पार्टी सभापति शेरबहादुर देउवा पक्षले फागुन २१ को संसदीय निर्वाचन देखाएर यो भेला रोक्न खोजिरहेको छ। उनीहरू यसलाई 'पार्टी हित विपरीत' भनिरहेका छन् । तर, महामन्त्रीद्वय थापा र शर्मा पक्षका लागि भने यो 'संकटमोचन' को अन्तिम अस्त्र बनेको छ । प्रशासनलाई सुरक्षा माग्दै पत्र काटिसकिएको छ, मञ्च सजाउने तयारी हुँदैछ। चिसो मौसममा तात्तिएको कांग्रेसको यो आन्तरिक द्वन्द्वले भृकुटीमण्डपमा कस्तो दृश्य कोर्ने हो, त्यो भने पुस २७ गते नै प्रस्ट हुनेछ।

## रुपामा एक लाख ७५ हजार किलो लसुन र प्याज उत्पादन गर्ने लक्ष्य

**पोखरापत्र संवाददाता**
पोखरा, २४ पुस


कास्कीको रुपा गाउँपालिकाले किसानलाई अनुदान सहयोग गरी लसुन र प्याजको व्यावसायिक खेती गरिरहेको छ । पालिकाले यस वर्ष एक लाख ७५ हजार किलो लसुन र प्याज उत्पादन गर्ने लक्ष्य राखेको छ।

अघिल्लो वर्ष लसुन र प्याजखेतीको नमूना परीक्षण गरेको पालिकाले यस वर्ष किसानलाई अनुदान सहयोग गरी यसतर्फ आकर्षित गरेको गाउँपालिकाका अध्यक्ष नवराज ओझाले बताउनुभयो । उहाँका अनुसार गाउँपालिकाका सातवटै वडाको करिब ४०० रोपनी क्षेत्रफलमा लसुन र प्याजको खेती भइरहेको छ । गाउँपालिकाका स्यास्त्री, दर्गामटार, पोल्याङटार, तागेडाँडा, खाल्टे, देउराली, देउराली फेदी, चिसापानी, खोलाको छेउ लगायतका स्थानमा लसुन र प्याजको व्यावसायिक खेती गरिएको अध्यक्ष ओझाले जानकारी दिनुभयो । पालिकाले लसुनका लागि प्रतिरोपनी रु १० हजार र प्याजका लागि प्रतिरोपनी रु आठ हजार अनुदान सहयोग उपलब्ध गराएको उहाँले जानकारी दिनुभयो । पालिकाले अदुवाखेतीमा समेत जोड दिँदै किसानलाई अदुवाको बीउ अनुदानमा उपलब्ध गराएको छ।



पालिकाभित्र करिब २५० रोपनीमा अदुवाखेती भइरहेको बताउँदै यस यस वर्ष ८० हजार किलो उत्पादन हुने अनुमान गरिएको अध्यक्ष ओझाले जानकारी दिनुभयो । "पालिकाका विभिन्न स्थानमा लगाइएको अदुवा राम्रो फलेको छ", उहाँले भन्नुभयो, "एक किलो बीउ लगाइएको ठाउँमा एक डोकोसम्म फलेको किसानहरूले बताएका छन् ।"

व्यावसायिक कृषिमा युवाहरूको आकर्षण बढिरहेको बताउँदै अध्यक्ष ओझाले पालिकाले स्वरोजगार अभिवृद्धिमा जोड दिएको उल्लेख गर्नुभयो । उहाँले यहाँका एक सयभन्दा बढी युवा व्यावसायिक कृषिमा लागेका बताउनुभयो।



# नयाँ एसयुभी 'भिक्टोरिस'पोखरामा सार्वजनिक

**पोखरापत्र संवाददाता**
दमौली, २४ पुस

सुजुकीगाडीको आधिकारिक बिक्रेता सीजी मोटोकर्प र गण्डकी प्रदेशका अधिकृत विक्रेता बीबी इन्कर्पोरेटेड ले सुजुकीको अहिलेसम्मकै सबैभन्दा धेरै सुविधा समेटिएको नयाँ मिड-साइज एसयूभी 'भिक्टोरिस' पोखरामा सार्वजनिक गरेका छन् ।




नेपालमा हालसम्मकै सर्वाधिक फिचर भएको नयाँ एसयुभी 'भिक्टोरिस' विहिबार एक समारोहका बिच सार्वजनिक गरिएको कम्पनीले जनाएको छ।

बीबी इन्कर्पोरेटेडका प्रबन्ध निर्देशक सुलभ बतास, निर्देशक दया लक्ष्मी बतास तथा बिजनेस हेड राजेश रानाभाटले बिहीबार औपचारिक रूपमा उक्त गाडी सार्वजनिक गर्नुभएको हो । भविष्यमुखी डिजाइन, प्रिमियम आराम र बुद्धिमान प्रविधिको सन्तुलित संयोजनसहित भिक्टोरिस नेपाली बजारमा ल्याइएको प्रबन्ध निर्देशक सुलभ बतासले बताउनु भयो । यस एसयुभीमा स्ट्रोङ हाइब्रिड, अलग्रिप (४ गुणा४) र १.५ लिटर स्मार्ट हाइब्रिड पेट्रोल इन्जिनको विकल्प उपलब्ध रहेको तथा सुरक्षाका लागि ५-स्टार ग्लोबल एनक्याप रेटिङ पाएको भिक्टोरिसमा लेभल-२ एडास, ६ वटा एयरब्याग (स्ट्यान्डर्ड), ३६० डिग्री क्यामेरा र टायर प्रेसर मोनिटरिङ सिस्टम जस्ता अत्याधुनिक सुविधाहरू रहेको उनले जनाए । मजबुत बनावट, उच्च सुरक्षा मापदण्ड र अत्याधुनिक प्रविधिका कारण भिक्टोरिसले ५-स्टार ग्लोबल एनक्याप सुरक्षा मूल्याङ्कन प्राप्त गर्न सफल भएको बतासले जनाउनु भयो । यही विशेषताका आधारमा भिक्टोरिसले प्रतिष्ठित 'इन्डियन कार अफ द इयर २०२५' को उपाधि समेत हात पारेको कम्पनीको दाबी छ।

कम्पनीले भिक्टोरिसको प्रारम्भिक मूल्य ५० लाख ९९ हजार रुपैयाँ निर्धारण गरेको छ । साथै सीमित अवधिका लागि पहिलो ५० ग्राहकलाई २ लाख रुपैयाँसम्मको साटफेर बोनस उपलब्ध गराइने सीजी मोटोकर्पले जनाएको छ। आधुनिक नेपाली ग्राहकको आवश्यकता र जीवनशैलीलाई ध्यानमा राख्दै सुविधा, सुरक्षा र प्रविधिलाई केन्द्रमा राखेर भिक्टोरिस पोखरमा पनि विहिबार बाट बिक्रि वितरण सुरु गरिएको सीजी मोटोकर्पका बिजनेस हेड राजेश रानाभाटले बताउनु भयो। "उच्च सुरक्षा, अत्याधुनिक प्रविधि र सहज ड्राइभिङ अनुभवका कारण भिक्टोरिसले नेपाली बजारमा नयाँ मापदण्ड स्थापित गर्ने विश्वास लिएका छौँ," उहाँले भन्नुभयो ।

भिक्टोरिसमा १०.१ इन्चको स्मार्टप्ले प्रो एक्स टचस्क्रिन, १०.२५ इन्चको पूर्ण डिजिटल इन्स्ट्रुमेन्ट क्लस्टर, हरमनद्वारा निर्मित इन्फिनिटी ८-स्पिकर प्रिमियम साउन्ड सिस्टम, ६४ रङमा परिवर्तन गर्न मिल्ने एम्बियन्ट लाइट, भेन्टिलेटेड अगाडिका सिट, हात नछोई खोल्न मिल्ने स्मार्ट पावर टेलगेट तथा वायरलेस मोबाइल चार्जिङ लगायतका सुविधा समावेश छन् । सुरक्षाका दृष्टिले सबै भेरियन्टमा ६ वटा एयरब्याग, ३६० डिग्री क्यामेरा, इलेक्ट्रोनिक स्थिरता प्रणाली, टायर दबाब निगरानी प्रणाली, उकालोमा रोक्ने प्रणाली तथा सुजुकीको टेक्टा सुरक्षा संरचना उपलब्ध गराइएको छ । भिक्टोरिस १० वटा आकर्षक रङमा उपलब्ध रहेको छ, जसमा नयाँ 'मिस्टिक हरियो' रङ पनि समावेश गरिएको छ।

# घान्द्रुक पर्यटन महोत्सवको च्यारिटी डिनर

**पोखरापत्र संवाददाता**
पोखरा, २४ पुस

घान्द्रुक पर्यटन महोत्सवको सन्दर्भमा पोखरामा हालै आयोजना गरिएको च्यारिटी डिनर कार्यक्रमबाट ९ लाख भन्दा बढी आर्थिक सहयोग संकलन भएको छ।



कास्कीको अन्नपूर्ण गाउँपालिका १०/११ स्थित घान्द्रुकमा आगामी फागुन ६ देखि ९ गतेसम्म घान्द्रुक पर्यटन व्यवस्थापन समिति र रोधीं क्लब घान्द्रुकको संयुक्त आयोजनामा हुने महोत्सवको सन्दर्भको पोखरामा आयोजित च्यारिटी डिनर कार्यक्रमबाट ९ लाख ६ हजार ६ सय रुपैयाँ आार्थिक संकलन भएको रोधीं क्लब घान्द्रुकका उपाध्यक्ष अमृत गुरुङले बताउनु भयो । घान्द्रुक पर्यटन व्यवस्थापन समितिका अध्यक्ष विक्रम गुरुङले पर्यटन महोत्सवमा खेलकुद तथा सांस्कृतिक कार्यक्रमहरुको समेत आयोजना हुने बताउनु भयो। रोधीं क्लब घान्द्रुकका अध्यक्ष लक्षिण गुरुङले च्यारिटी डिनर कार्यक्रमले आर्थिक संकलन मात्र नभएर विभिन्न स्थानबाट आएका आफन्त साथीहरुसँग छलफल तथा भलाकुसारी गर्ने अवसर समेत प्राप्त भएको बताउनु भयो।

'सबै मौसममा पर्यटन भन्ने नारासहित पोखरामा हामीले रोधी क्लब र घान्द्रुक पर्यटन व्यवस्थापन समितिसँगको सयुक्त आयोजना हुन लागेको घान्द्रुक पर्यटन महोत्सवको सन्दर्भमा च्यारिटी डिनर कार्यक्रम आयोजना गरेका थियौं, अध्यक्ष गुरुङले भन्नुभयो, च्यारिटी डिनरमा आर्थिक संकलन मात्र नभएर विभिन्न स्थान, शहरमा बस्दै आउनु भएका आफन्त साथीभाईहरुको भेटघाट गर्ने अवसर समेत हो।'

घान्द्रुक पर्यटन महोत्सवको अवसरमा पुरुष भलिबल प्रतियोगिता, पुरुष बास्केटबल प्रतियोगिता, घोडा दौड प्रतियोगिता, रस्साकस्सी र छेलो प्रतियोगिता लगायत विविध सांस्कृतिक कार्यक्रमहरु आयोजना गरिएको रोधीं क्लब घान्द्रुकका उपाध्यक्ष गुरुङले जनाउनु भयो । कास्कीको अन्नपूर्ण गाउँपालिका १०/११ स्थित घान्द्रुकमा एकैदिन २ हजार ५ सय बढी पर्यटक राख्न सक्ने क्षमताका ६० वटा होटल तथा ३० वटा घरमा होमस्टे रहेको घान्द्रुक पर्यटन व्यवस्थापन समितिले जनाएको छ।

पोखराबाट साढे २ घण्टाको सवारी यात्रामा घान्द्रुक पुग्न सकिन्छ। घान्द्रुकबाट भैसीखर्क-टाडापानी वनठाटी-देउराली हुँदै म्याग्दीको घोडेपानी र घान्द्रुक हुँदै टाडापानी-इसर-दोबाटो-मुल्डेहुँदै म्याग्दीको खोर्पा लेक र हिडन लेकजान सकिन्छ। यस्तै घान्द्रुक हुर्दै अन्नपूर्ण बेस क्याप समेत जान सकिन्छ।

# जन्म मृत्यु संस्कार जोडिएको सिताघाट व्यवस्थित गरिदै

**पोखरापत्र संवाददाता**
पोखरा, २४ पुस

पोखरा महानगरपालिका वडा नं. १७ सेतीनदीस्थित सिता घाट व्यवस्थित गरिने भएको छ । जन्मदेखि मृत्यु संस्कारसंग जोडिएको सो घाटको स्थानीयवासिन्दाको सकृयतामा व्यवस्थित गरिन लागिएको हो।



विभिन्न पर्वमा नदीमा स्नानका लागि जाने भक्तजन तथा अन्तिम दाह संस्कारकामा अप्ठेरो भोग्दै आएका स्थानीयको पलमा घाटसम्म मोटरेवल वाटो निर्माण अभियान सञ्चालन गरिएको सिताघाट वाटो निर्माण उपभोक्ता समितिका अध्यक्ष लोकराज कोइरालाले जानकारी दिनुभयो। उहाँका अनुसार पोखरा महानगरपालिका वडा नं. १७ को दश लाख रुपैया आर्थिक सहयोगमा कच्चि मोटर बाटोको ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ भने बाँकी भौतिक संरचना निर्माणका लागि स्थानीयस्तरमा आर्थिक संकलन अभियान शुरु गरिएको छ । उक्त अभियान अन्तर्गत स्थानीय समाजसेवी सूर्यप्रसाद शर्मा भण्डारीले एक लाख पाँच रुपैया नगद सहयोग गर्नुभएको छ। आर्थिक संकलनको अभियानमा उहाँल समितितका अध्यक्ष लोकराज कोइरालाई नगद हस्तान्तरण गर्दौ संकलित रकमको उचित उपयोग गर्न आग्रह गर्नुभयो। सो अभियानमा स्थानीय सामाजिक व्यक्तित्व एवम् सदा शिव सिद्धेश्वर हरिहर मन्दिर व्यवस्थापन समितिका अध्यक्ष नगेन्द्र शर्मा भण्डारीले आफ्नो जन्मदिनको अवसरमा ५० हजार रुपैया सहयोग गर्नुभयो । अहिलेसम्म घरदैलो कार्यक्रमा लभगभ पाँच लाख रुपैया संकलन भएको उपभोक्ता समितिका सचिव विक्रम वावु भण्डारीले जानकारी दिनुभयो।

सदा शिव हरिहर मन्दिर परिसर हुँदै जाने सो बाटोसंगै सुरक्षाका हिसावले एकतर्फि नाला र फलामे रेलिङ्गवार निर्माण गर्न अपरिहार्य भएको हुँदा आवश्यक रकम संकलनका लागि घरदैलो कार्यक्रम सञ्चालन गरिएको उपभोक्ता समितिका कोषाध्यक्ष लेखनाथ चालिसेले जानकारी दिनुभयो । सो घाटको संरक्षणका लागि मोटर वाटोको दुवैतर्फ ग्याभिन जालि भर्ने काम भई रहेको बताउँदै उहाँले भन्नुभयो, धार्मिक क्षेत्रको विकास स्थानीयले देखाएको उत्साहले त आँट म पुऱ्याउछु भन्ने युक्ती चरितार्थ भएको छ।

सो सडक निर्माणसंगै पोखरा १७ सहित वडा नं. २१ का वासिन्दालाई धार्मिक एवम् शव अन्त्यष्ठिका लागि सुविधा पुग्नुका साथै प्रत्येक बर्ष माघे सक्रान्ति पर्वमा लाग्ने माघे संक्रान्ति ढुङ्गेसाघु मेला व्यवस्थापनमा समेत सहयोग पुग्नेछ। बाटो निर्माणसंगै संकटमा परेको प्राचिन ढुङ्गे साघु मेलालाई समेत सेतीनदीको किनारामा रहेको झण्डै ४० रोपनी सार्वजनिक जग्गामा व्यवस्थि तगर्न सकिने उहाँको भनाई छ।

# गल्याङ नगर अस्पतालमा नागरिक आरोग्य सेवा सुरु

**पोखरापत्र संवाददाता**
वालिङ, २४ पुस

यहाँको गल्याङ नगर अस्पतालमा नागरिक आरोग्य सेवा सुरु गरिएको छ।



नागरिकलाई शारीरिक, मानसिक र आध्यात्मिकरुपमा स्वस्थ एवम् सबल बनाउन नागरिक आरोग्य सेवा केन्द्र स्थापना गरिएसँगै सेवा पनि सुरु गरिएको हो।

'मेरो स्वास्थ्य, मेरो जिम्मेवारी' भन्ने नारालाई आत्मसात गर्दै आयुर्वेद चिकित्सालाई स्थानीयस्तरसम्म पुऱ्याउने लक्ष्यकासाथ सेवा केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएको नागरिक आरोग्य सेवा केन्द्र गल्याङका बैद्य वीरबहादुर बोहोराले बताउनुभयो।

"विश्वव्यापीरुपमा फैलिँदै गएको नसर्ने रोगको प्रकोपलाई न्यूनीकरण गर्न योग, ध्यान, तथा आधार भूत तहको आयुर्वेद स्वास्थ्य सेवा प्रदान गर्छौं", उहाँले भन्नुभयो, "नागरिकलाई आयुर्वेद चिकित्सा विधिकाबारेमा चेतना जगाउँदै विद्यालय, आमा समूह, महिला स्वयंसेविका, युवा क्लबमार्फत समुदायस्तरमा पुगेर योग, ध्यान सिकाउँदै सकारात्मक सोचको विकासका लागि सहयोग गर्छौं।" आरोग्य केन्द्रबाट आयुर्वेद चिकित्सासम्बन्धीआधारभूतमापदण्ड अनुसारको आयुर्वेद स्वास्थ्य सेवा उपलब्ध गराइने उहाँले बताउनुभयो । पूर्वकर्म, पञ्चकर्म, बाष्पविधि, रुघा खोकीसहित स्वस्थ जीवनशैलीसम्बन्धी परामर्श आरोग्य केन्द्रमार्फत दिइने जनाइएको छ । नगर अस्पतालमै नागरिक आरोग्य सेवा केन्द्र स्थापना भई सेवा सुरु भएसँगै यहाँका नागरिकलाई आयुर्वेद चिकित्सासम्बन्धी सेवा तथा परामर्शका लागि अन्यत्र जानुपर्ने बाध्यताको अन्त्य भएको छ।

# श्रीमान्को कुटपिटबाट श्रीमतीको मृत्यु

**रासस**
गोरखा, २४ पुस

गोरखामा श्रीमान्को कुटपिटबाट श्रीमतीको मृत्यु भएको छ।


पालुङटार नगरपालिका-३ बोगटीगाउँका २८ वर्षीय शङ्कर सुनारको कुटपिटबाट २१ वर्षीया श्रीमती अनुस्का परियारको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय गोरखाले जनाएको छ। बिहीबार बिहान ११ बजेतिर श्रीमान्को कुटपिटबाट घाइते भएकी अनुस्कालाई उपचारका लागि आँपपीपल अस्पताल पठाइएको तर अस्पतालले दिउँसो १:४० बजे मृत्यु भइसकेको घोषणा गरेको प्रहरी निरीक्षक राजन लम्सालले बताउनुभयो।

"शङ्कर सुनारको कुटाइबाट बिहान ११:३० श्रीमती अचेत अवस्थामा रहेको भन्ने सूचना हामीलाई १२:२० बजे प्राप्त भयो", उहाँले भन्नुभयो, "खबर पाउनासाथ घटनास्थल पुगी घाइतेलाई अस्पताल पुऱ्याउँदा अस्पतालले मृत्यु भइसकेको घोषणा गऱ्यो।" प्रहरीले शवको मुचुल्का गरी शव परीक्षणका लागि प्रदेश अस्पताल गोरखामा पठाएको उहाँले बताउनुभयो।

# तनहुँमा छैटौँ आदिवासी जनजाति सांस्कृतिक महोत्सव सुरु

**पोखरापत्र संवाददाता**
दमौली, २४ पुस

जिल्ला सदरमुकाम दमौलीमा बिहीबारदेखि छैटौं आदिवासी जनजाति तनहुँ सांस्कृतिक महोत्सव सुरु हुँदैछ । नेपाल आदिवासी जनजाति महासङ्घ जिल्ला समन्वय परिषद् तनहुँको आयोजनामा सुरु हुन लागेको महोत्सव आगामी माघ ५ गतेसम्म सञ्चालन हुनेछ।




भाषा, संस्कृतिको संरक्षण र पर्यटन प्रवर्द्धनका लागि महोत्सव आयोजना गर्न लागिएको महासङ्घका अध्यक्ष सनम तामाङले जानकारी दिनुभयो। यसअघि विसं २०७९ पुस २२ गतेदेखि पाँचौं जनजाति महोत्सव गरिएको थियो । महोत्सवले तनहुँका जातजातिका संस्कृति संरक्षणका साथै यहाँका धार्मिक तथा पर्यटकीयस्थलको प्रचारप्रसारमा सहयोग पुग्ने उहाँले बताउनुभयो । पैसट्ठी प्रतिशत आदिवासी बसोबास गर्ने तनहुँमा आदिवासी महोत्सवको सुरुआत आदिवासी महासङ्घले गरेको थियो। विसं २०६५ मा पहिलो आदिवासी महोत्सव आयोजना गरिएको थियो । सांस्कृतिक महोत्सवमा नमूना घरसँगै सांस्कृतिक झाँकी, मौलिक नृत्य, जातीय पहिरन प्रदर्शनी, स्थानीय परिकार, हस्तकला सामग्रीका स्टल, साङ्गीतिक कार्यक्रम तथा विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। आदिवासी जनजातिको पहिचान, मौलिकता र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गर्न लागिएको महोत्सवले तनहुँको सांस्कृतिक पर्यटन प्रवर्द्धनमा समेत महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको तामाङको भनाइ छ । उहाँले भन्नुभयो, "आधुनिकताको प्रभावले लोप हुँदै गएका हाम्रा मौलिक संस्कृति र परम्परालाई नयाँ पुस्तासम्म पुऱ्याउन महोत्सव महत्वपूर्ण हुने विश्वास लिएका छौं।" आयोजकका अनुसार महोत्सवले आदिवासी जनजाति समुदायबीच आपसी सद्भाव, एकता र सांस्कृतिक आदानप्रदानलाई थप मजबुत बनाउने विश्वास लिइएको छ। महोत्सवमा रु १५ लाख बचत गरी सङ्ग्रहालय निर्माण गर्ने लक्ष्य राखिएको छ। महोत्सवलाई थप आकर्षक, मौलिक र सांस्कृतिक बनाउन तीन जातिका परम्परागत नमूना घर निर्माण गरिएको छ। व्यास नगरपालिका-३ स्थित खुल्ला मैदानमा आयोजना हुने महोत्सवको मुख्य आकर्षणका रूपमा महेन्द्र सालिक रहेको पार्क क्षेत्रमा मगर, दरै र कुमाल समुदायका नमूना घर निर्माण गरिएको छ। तनहुँमा १३ भन्दा बढी आदिवासी जनजाति समुदायको बसोबास रहे पनि स्थानको अभावका कारण तीन समुदायका मात्रै नमूना घर निर्माण गरिएको उहाँले बताउनुभयो।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गरिबी अपराधको जन्मदाता हो । - मार्कस औरीलिअस्

## सम्पादकीय

# विभाजन उन्मुख कांग्रस

नेपाली कांग्रेसले विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गर्ने महाधिवेशन प्रतिनिधिहरूलाई हस्ताक्षर फिर्ता लिन अनुरोध गर्ने निर्णय गरेको छ। बिहीबार पार्टी कार्यालय सानेपामा बसेको कार्यसम्पादन समितिको बैठकले पार्टीले नियमित महाधिवेशनको मिति तोकिसकेको अवस्थामा विशेष महाधिवेशनको पक्षमा हस्ताक्षर गर्ने महाधिवेशन प्रतिनिधिहरूलाई हस्ताक्षर फिर्ता लिन अनुरोध गर्ने निर्णय गरेको छ। हस्ताक्षर फिर्ता लिन अनुरोध गर्ने निर्णयप्रति महामन्त्री गगन थापाले असहमति जनाउदै फरक मत राखेका थिए।

हस्ताक्षर फिर्ता लिन अनुरोध गर्दा पार्टीका कार्यवहाक सभापति पूर्ण बहादुर खड्काले राखेको प्रस्तावमा आफुहरुको असहमति रहेको थापाले बताएका छन्। आसन्न प्रतिनिधिसभा निर्वाचनअघि पार्टीको नेतृत्व परिवर्तन गर्न विशेष महाधिवेशन आवश्यक रहेको भनाइले विभाजनको खतरा रहन्छ। विधान अनुसार महाधिवेशन माग गर्नु महाधिवेशन प्रतिनिधिहरूको अधिकार भएकाले यसलाई कसैले रोक्न नसक्ने गगनको स्पष्ट विचार छ। विधानको पालनाको गर्दा पार्टी बिभाजनको हौवा पिटिएको भन्दै उहाले आफुहरु कसैले पनि पार्टी बिभाजन हुन नदिने उल्लेख गरेपनि कार्यकर्ता आश्वस्त छैनन्।

बैठकपछि कांग्रेस नेता एनपी साउदले कार्यसम्पादन समिति बैठकले विशेष महाधिवेशन भनिएको भेलामा उपस्थित नहुन अनुरोध गर्ने निर्णय गरिएको जानकारी दिए। पदाधिकारीले विशेष महाधिवेशन बोलाउने विधानमा व्यवस्था नरहेकाले देशभरिका केन्द्रदेखि तल्लो तहसम्मका पदाधिकारी महाधिवेशन, महासमिति सदस्य सबैलाई विशेष महाधिवेशन भनिएको भेलामा उपस्थित नहुन अनुरोध गर्ने निर्णय गरिएको उनले बताए। बैठकले विशेष महाधिवेशन भन्ने भेला रोक्नका लागि अपील गर्ने निर्णय गरेको उनले बताए।

महामन्त्री थापा र विश्व प्रकाश शर्माले नेतृत्व लिएपछि नेपाली कांग्रेसको संस्थापन समूहले विशेष महाधिवेशनको काउन्टरमा युवा भेला गर्ने भएको छ। विशेष महाधिवेशनको उद्घाटन हुन दिन कांग्रेसको संस्थापन पक्षले सानेपामा युवा भेला गर्ने भएको हो। सभापति शेरबहादुर देउवासँग बिहीबार छलफल गरेर संस्थापन पक्षले २७ पुसमा युवा भेला आयोजना गर्ने निर्णय गरेको नेताहरूले बताएका छन्। भेलाको संयोजनको जिम्मा नेपाल तरूण दलका अध्यक्ष विद्वान गुरुङलाई दिइएको छ।

सभापति देउवासँगको छलफलमा सहभागी केन्द्रीय सदस्य गुरू बरालले युवा भेलाको आयोजनबारे पुष्टि गरेका छन्। संस्थापन निकट स्रोतले २८ पुसमा जिल्ला सभापतिहरूको भेला गरिने जानकारी दिएको छ। सभापतिहरूको भेलाका लागि समन्वयको जिम्मेवारी भक्तपुर सभापति दुर्लभ थापा र बाग्लुङ सभापति जीत शेरचनलाई जिम्मा दिइएको छ। दुवै पक्ष जोड तोडका साथ लागेको हुँदा चुनावको बेला कान्ग्रेस मजबुत नहुने मात्र होइन एक नहुन सक्छाकार्यकर्ता तहमा गएको यो सन्देश कान्ग्रेसको हितमा छैनामिलाउन सक्ने मध्यमार्गी धार अहिले कमजोर बनेको छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : शत्रुको भय | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : झमेला बढ्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शुभ यात्रा | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : आर्थिक समस्या | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# माछापुच्छ्रे सहकारीको सिद्ध माविलाई सहयोग




**पोखरापत्र संवाददाता**
पोखरा, २४ पुस

माछापुच्छ्रे बचत तथा ऋण सहकारी संस्था लि. को २८ औं स्थापना दिवस अन्तरक्रिया र विद्यालयलाई सहयोग हस्तान्तरण गरेर मनाइएको छ।

सो सहकारी संस्थाले पोखरा महानगरपालिका वडा नं१५ फलेपाटन स्थित सिद्ध माध्यमिक विद्यालयलाई लेखा काउन्ट डेस्क सहयोग गरेको छ। सामाजिक उत्तरदायित्व अन्तर्गत करिब साढे दुई लाख बराबरको डेस्क सहयोग गरेको संस्थाका अध्यक्ष पुष्पराज पराजुलीले जानकारी दिए। सहकारी संचालक समितिका पदाधिकारी सहितको टोलीले सिद्ध माविमा पुगेर सहयोग हस्तान्तरण गरेको हो।

२७ वर्ष पूरा गरि २८ वर्षमा प्रवेश गरेको माछापुच्छ्रे बतत तथा ऋण सहकारी संस्था पोखराको अग्रणी सहकारी संस्था होपोखरा-८ दमकल मार्गमा कार्यालय रहेको सहकारीले सहकारीका बचतकर्ताको रकमको सुरक्षा र लगानीमा जोड दिने भएको छ। बिहीबार सहकारीको कार्यालयमा भएको अन्तरक्रियामा सहकारिताको भावनका साथ काम गर्नुपर्नेमा संचलक र कर्मचारीले जोड दिएका छन।

अन्तरक्रियामा संचालक समितिका अध्यक्ष पुष्पराज पराजुली, उपाध्यक्ष बर्षाकेशब पराजुली, कोषाध्यक्ष प्रकाश पौडेल, शिक्षा उपसमिति संयोजक राम प्रसाद तिमिल्सिना, सहसचिव भवानी शर्मा, संचालक समिति सदस्य कमल प्रकाश पौडेल, गोमा पराजुली, प्रबन्धक सुर्यराज पराजुली, लेखा प्रमुख भुवनराज लामिछाने लगायतले सहकारीलाई समयसापेक्ष रुपमा अगाडि बढाउनुपर्ने, सेयर सदस्यलाईसहकारीशिक्षारबचतमा लाग्नुपर्ने सुझाव दिएका थिए।

# जानकीका विद्यार्थीलाई चेतना महिलाको न्यानो स्वीटर

**पोखरापत्र संवाददाता**
पोखरा, २४ पुस

चेतना महिला सिप विकास परियोजनाद्वारा जानकी माध्यमिक विद्यालयका विद्यार्थीलाई न्यानो स्वीटर वितरण गरेको छ। पोखरा १७ महतगौडामा सञ्चालित सो विद्यालयका असहाय एवम् विपन्न वर्गका २४ जना विद्यार्थीलाई १३ हजार मुल्य वरावरका स्वीटर वितरण गरिएको हो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिप्रसाद बास्तोलाले विद्यार्थीलाई स्वीटर वितरण गर्दै समाजका विपन्न एवं असहाय वर्गका विद्यार्थीको अध्ययनको थलो बनेका सामुदायिक विद्यालयले पछिल्लो समय शैक्षिक गुणस्तरमा जोड दिदै आएको बताउनुभयो।

विद्यालयका प्रधानाध्यापक अर्जुन कडेलले विभिन्न संघसंस्थाको सहयोगबाट विद्यार्थीलाई आवश्यक शैक्षिक सामाग्री र पोषकको व्यवस्थाले विद्यार्थीलाई महत्वपूर्ण सहयोग पुगेको विश्वास व्यक्त गर्नुभयो।

सो अवसरमा परियोजनाका संस्थापक तारा तिमिल्सिना,सञ्चालक पविता तिमिल्सिना, विद्यालयका सहयोग प्रधानाध्यापक भिमप्रसाद रिजाल, शिक्षिकाव्दय चन्दा तिमिल्सना,सिता थापाले विद्यार्थीलाई स्वीटर वितरण गर्नुभएको थियो।


## आवश्यकता

इण्डियन चाइनिज खाना बनाउन जान्ने एक जना कुक चाहियो । साथै एक जना हेल्पर चाहियो ।

तलब: आपसी समझदारीमा
खाना र बस्नको सुविधा

सम्पर्क:
९८५७०२९९८१
९८०६७०६८४६


## सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १० कामनाटोल अन्तर्गत बस्ने देवराज गुरुङको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. १० को कित्ता नं. १८९ को क्षेत्रफल १३३.८० वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा उत्तरतर्फको कित्ता नं. १९० का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. १० को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

# विन्ध्यवासिनी माविले बार्षिकोत्सवको अवसरमा रक्तदान गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २४ पुस



पोखराको बाटुलेचौरमा रहेको विन्ध्यवासिनी माध्यमिक विद्यालयले बिबिध कार्यक्रम गरी ७९ औं बार्षिकोत्सव मनाउने भएको छ।

विद्यालयले यही पुस २७ गते मनाउने बार्षिकोत्सवको पुर्व सन्ध्यामा रक्तदान कार्यक्रम आयोजना गर्ने भएको छ। पुस २६ गते छैटौं संस्करणको रक्तदान कार्यक्रम गर्न लागेको विद्यालयले जनाएको छ। विद्यार्थीलाई रक्तदानका विषयमा सचेतना जगाउन र पोखरामा देखिएको रगतको अभावलाई केही न्युन गर्न शनिबार विहान विद्यालय परिसरमा रक्तदान कार्यक्रम आयोजना गरिएको रक्तदान कार्यक्रमका संयोजक शिक्षक जयराम पुनले जानकारी दिए।

विद्यालय व्यवस्थापन समितिका पुर्व अध्यक्ष चन्द्रा थापा अधिकारीको प्रमुख आतिथ्यतामा हुने कार्यक्रममा विद्यालयको जुनियर रेडक्रस सर्कल, रेडक्रस सोसाइटी उपशाखा पोखरा १६ ले सहकार्य गरेका छन्। कार्यक्रमका लागि प्रादेशिक रक्त संचार केन्द्रसँग समन्वय गरि आवश्यक तयारी शुरु गरिएको संयोजक पुनले बताए। अघिल्लो बर्ष ३९ युनिट संकलन गरेको विद्यालयले यस वर्ष नयाँ रक्तदातालाई बढी भन्दा बढी सहभागि गराउने उद्देश्य सहित तयारी तिब्र बनाएको बताईएको छ। त्यस्तै विद्यालयले शुक्रबार यस वर्षको शैक्षिक तथा खेलकुद तर्फको पुरस्कार वितरण गर्ने जनाएको छ।

सोही कार्यक्रममा माध्यमिक शिक्षा परीक्षामा ३ दशमलव ६ जिपिए ल्याउने १९ जना विद्यार्थीलाई सम्मान गरिने विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद आचार्यले जानकारी दिए। बार्षिकोत्सव कै अवसरमा चण्डीका भवन देखि महेन्द्र गुफासम्म वृहत सरसफाई गरिने पनि आचार्यले बताए। मुख्य दिन पुस २७ गते बार्षिकोत्सवको मुल समारोह कार्यक्रम हुने छ।

पोखरा महानगरका मेयर धनराज आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न हुने मुल समारोहमा उत्कृष्ट शिक्षक, कर्मचारी, अभिभावक, विद्यार्थी सम्मान सहित बिबिध साँस्कृतिक कार्यक्रम हुने बताइएको छ। गएको छासो अवसरमा एस इ इ मा ४ जिपिए ल्याउने विद्यार्थी सहज घिमिरेलाई विशेष सम्मान, बिभिन्न छात्रवृत्ति वितरण सहित पुरस्कार वितरण गरिने विद्यालयका सुचना अधिकारी नविन अधिकारीले जानकारी दिए।बार्षिकोत्सवको अवसरमा आयोजित स्पोर्टस मिट भने तीन दिन देखि जारी छ। करिब १ हजार ५ सय विद्यार्थी अध्ययनरत सो विद्यालय यस अघि सामुदायिक विद्यालय तर्फ नेपालकै उत्कृष्ट पहिलो हुन सफल भएको थियो।

# म्याग्दीका गौतमलाई अन्तरिक्ष विज्ञानमा विद्यावारिधी

**पोखरापत्र संवाददाता**
म्याग्दी, २४ पुस

म्याग्दीको मालिका गाउँपालिका-६ दरवाङका सुजन गौतमले अमेरिकाको 'अलाबाबा' राज्यमा रहेको 'युनिभर्सिटी अफ अलाबामा इन हन्ट्सभिल' बाट अन्तरिक्ष विज्ञान विषयमा विद्यावारिधि उपाधि हासिल गर्नुभएको छ। गौतमले पृथ्वीनजिक हुने सौर्यवायुको चक्र र अन्तरग्रहीय झट्काको प्रभाव शिर्षकमा अनुसन्धान गरी विद्यावारिधी हासिल गर्नुभएको हो।

उहाँको अनुसन्धान सूर्यबाट निस्कने सौर्यवायु र त्यसमा हुने अस्थिरता तथा सौर्यवायुमा हुने झट्काले अन्तरिक्ष वातावरणमा पार्ने प्रभावसम्बन्धी गहिरो वैज्ञानिक विश्लेषणमा केन्द्रित रहेको छ। विश्वविद्यालयमा रहेको अन्तरिक्ष विज्ञान विभाग तथा अमेरिकाको प्रतिष्ठित अनुसन्धान केन्द्र 'सेन्टर फर स्पेस प्लाज्मा एण्ड एरोनमिक रिसर्च' मा विश्वप्रसिद्ध वैज्ञानिक प्राडा ग्यारी जैंकको निर्देशनमा रहेर अनुसन्धान सम्पन्न गर्नुभएको हो। गौतमले अध्ययन अवधिमा अन्तरराष्ट्रियस्तरमा उच्चस्तरीय वैज्ञानिक जर्नलमा थुप्रै अनुसन्धानपत्र प्रकाशित गर्नुका साथै विभिन्न अन्तराष्ट्रिय वैज्ञानिक सम्मेलनमा आफ्ना अनुसन्धान प्रतिवेदन प्रस्तुत गरिसक्नुभएको छ। "ग्रामीण क्षेत्रको सामान्य परिवारबाट सुरु भएको मेरो यात्रा आज यहाँसम्म आइपुग्दा धेरै सङ्घर्ष, धैर्य र निरन्तर मेहनतको लगानी छ", सुजनले भन्नुभयो, "यो सफलता मेरो मात्र नभएर परिवार, साथीभाइ, आफन्त, शिक्षक र शुभेच्छुकहरूको साझा उपलब्धि हो।" सूर्य र अन्तरिक्षमा हुने गतिविधिले पृथ्वीको सैटेलाइट सिस्टम (उपग्रह प्रणाली), रेडियो सञ्चार, मौसम र दैनिक जीवनमा असर पार्ने भएकाले सानैदेखिको रुचिअनुसार जटिल र चुनौतीपूर्ण भए पनि अन्तरिक्ष विज्ञानको अनुसन्धानमा लागेको गौतमले बताउनुभयो। "सूर्यसँग सम्बन्धित कैयन अनुत्तरित प्रश्नहरू छन्, जो बुझ्न सारा विश्वका वैज्ञानिकहरू लागिपरेका छन्, मलाई पनि त्यही जिज्ञासाले यो क्षेत्रमा तानेको हो", उहाँले भन्नुभयो, "मेरो कामले भविष्यमा सौर्य आँधी, अन्तरिक्ष मौसम र तिनको प्रभावलाई अझ राम्रोसँग बुझ्न मद्दत गर्नेछ।"

आन्तरिक्ष विज्ञान तथा सौर्यवायुसम्बन्धी अनुसन्धानलाई निरन्तरता दिने गौतमको योजना छ। त्रिभुवन विश्वविद्यालयबाट भौतिक शास्त्र विषयमा स्नातक र स्नाकोत्तर पूरा गरेर सन् २०२२ मा पूर्ण छात्रवृत्तिमा अध्ययनका लागि अमेरिकाको 'युनिभर्सिटी अफ अलाबामा इन हन्ट्सभिलको 'डिपार्टमेन्ट अफ स्पेस साइन्स'मा जानुभएको थियो। गौतमले अमेरिकाको उक्त विश्व विद्यालयको अध्ययन केन्द्रमा 'सेन्टर फर स्पेस प्लाज्मा एण्ड एरोनोमिक रिसर्च'मा अनुसन्धान सहायकका रूपमा आफ्ना अनुसन्धान गर्दै आउनुभएको छ। गौतमको नेतृत्वमा अनुसन्धानकर्ता अशोक शिल्वाल, वासु बराल र डा विनोद अधिकारीको टोलीले सन् १९६८ देखि सन् २०२३ सम्मको पोखरा र काठमाडौंको मासिक वर्षाको तथ्याङ्कलाई सौर्य गतिविधिको सम्बन्धका आधारमा अध्ययन गरी एक वर्षअघि प्रतिवेदन प्रकाशन भएको थियो।

**गण्डकी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
## मातृशिशु मितेरी प्रादेशिक अस्पताल
**पोखरा**

## बोलपत्र आव्हान सम्बन्धी सूचना

आ.व. ०८२/८३ को लागि यस अस्पतालको प्रयोगशालामा आवश्यक पर्ने रसायन तथा रियजेन्ट विद्युतीय माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक योग्य फर्म/संस्थाबाट बोलपत्र पेश गर्न सबैको जानकारीका लागि मिति २०८२/०९/२४ गते प्रथम पटक यो सूचना प्रकाशित गरिएको छ। बोलपत्र आव्हान सम्बन्धी बिस्तृत जानकारी अस्पतालको वेभसाईट https://mmph.gandaki.gov.np तथा e-GP पोर्टलबाट प्राप्त गर्न सकिने छ।

कार्यालय प्रमुख

**नोट:** मिति २०८२/०९/२४ गते बिहीबार पृष्ठ ३ मा प्रकाशित सूचनामा बोलपत्र आव्हान सम्बन्धी सूचना हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्चाइएको छ।

# सडक नभएको छेकम्पारमा गुड्छन् स्कुटर र ट्र्याक्टर

**प्रतीक्षा आले**
गोरखा, २४ पुस/रासस

केही दिनका लागि चीन सरकारले छेकम्पारमा पर्ने मुलाढाज्यान नाका खुल्ला गऱ्यो।

एक वर्षदेखि बन्द रहेको नाका खुल्ला हुनासाथ छेकम्पारका बासिन्दा सरसामान किन्न तिब्बती बजार स्याक पुगे। त्यही टोलीमा हुनुहुन्थ्यो छेकम गाउँका दोर्जे लामा। त्यहाँ उहाँले तिब्बती गाउँबस्तीका बासिन्दाको दिनचर्या नियाल्नुभयो। सबैजना यातायातका साधन प्रयोग गरेको देखेर उहाँ प्रभावित हुनुहुभयो। 'तिब्बत जाँदा त्यहाँ मान्छेहरु घाँस काट्न जान परे पनि, गोठमा जाँदा पनि, बाहिर फेर जताततै हिँड्दा पनि बाइक वा स्कुटर चलाएर हिँडेको देखेँ। उताको जमिन र हाम्रो छेकम्पारको जमिन उस्तै त हो, डाँडाकाँडा, भिर पखेरा। यता पनि कसो नचल्ला त भनेर विचार गरेँ', दोर्जे भन्नुहुन्छ, 'पसलमा गएर भाउ सोधेको एक लाखमा बिजुलीबाट चार्ज गर्न मिल्ने स्कुटर आउँदो रहेछ। अनि जसो होला होला, विचार गर्नुपऱ्यो भनेर एउटा किनेर ल्याएको हुँ।" स्याकसम्म



सडक भए पनि छेकम्पारसम्म स्कुटर ल्याउन सडक थिएन। न त उहाँलाई स्कुटर चलाउने सीप नै थियो। मान्छे, खच्चड, याक, चौँरी मात्र जसोतसो हिँड्न मिल्ने बाटोमा स्कुटर ल्याउन पनि उहाँले धेरै नै मेहनत गर्नुपऱ्यो। 'उता (तिब्बत) बाट आउँदा उकालोमा हामी चार-पाँच जनाले बोक्यौँ, सजिलो बाटोमा कतै डोहोऱ्याउँदै, कतै एकजना चढ्ने, अरुले समात्ने गर्दै ल्याइपुऱ्यायौँ', उहाँले भन्नुभयो, 'ल्याउँदा ल्याउँदै बाटोमै स्कुटर चलाउन जान्ने भइयो।' हिमालपारि छेकम्पारमा यसरी स्कुटर चलाउने लामा पहिलो व्यक्ति हुनुभएको छ। अचेल उहाँ स्कुटर हाकेर गाउँघर डुल्ने गर्नुहुन्छ। सडक सञ्जालले नछोएको र अझै दशौँ वर्ष सडक पुग्ने कल्पना नगरिएको चुमनुब्री-७ छेकम्पारको साँघुरो गल्लीमा दोर्जे चीनबाट ल्याएको स्कुटर हाँकेर हिँड्ने गर्नुहुन्छ। घोडा चढेर गाउँघर, वनजङ्गल आवतजावत गर्ने छेकम्पारबासीकाबीच दोर्जे विद्युतीय स्कुटरमा सवार भएको देख्दा स्थानीवासी पनि प्रभावित छन्। 'अहिले त मेरो मात्रै छ। सबैजनाले हामी पनि चढ्छौँ नि भनेर मागेर हैरान पार्छन्। चलाउन जान्दैनन्। बिर्गादिन्छन् झैँ लाग्छ', दोर्जे भन्नुहुन्छ "अब आउँदो साल त अरुले पनि स्कुटर किन्ने भनेका छन्। अब गाउँमा सिँडी नबनाउने बरु स्कुटर चढ्ने सडक बनाउने निर्णय भइसक्यो।" छेकम्पारकै लामा गाउँका पासाङ फुन्जो लामाले भने विगत एक दशकअघि गाउँमा ट्र्याक्टर भित्र्याउनु भएको थियो। लामा चुमनुब्री-७ का निवर्तमान वडाअध्यक्ष पनि हुनुहुन्छ। सडकले नछोएको छेकम्पारमा लामाले भूकम्पपछि २०७२ सालमा रु १८ लाख पर्ने ट्र्याक्टर रु ३४ लाख भाडा तिरेर हेलिकाप्टरमार्फत गाउँमा ल्याउनुभएको थियो। ट्र्याक्टरका लागि आवश्यक पर्ने इन्धन भने उहाँले आरुघाटको आर्खेतबाट खच्चडमार्फत ल्याउने गर्नुहुन्छ। पासाङको ट्र्याक्टरमा निर्माण सामग्री ढुवानी गरी लामा गाउँमा गुम्बा र विद्यालय निर्माण भएका छन्। ट्र्याक्टर भने स्थानीय साम्डु लामाले चलाउने गरेका छन्। ट्र्याक्टर छेकम्पारको उकालोओरालोमा सजिलै आवतजावत गर्ने गरेको पासाङको भनाइ छ। उहाँ भन्नुहुन्छ, "यसबाट खासै आम्दानी त हुँदैन तर यहाँ पूर्वाधार निर्माणका काममा निकै सजिलो भएको छ।" छेकम्पारसम्म सडक आउला र नजिकका गाउँबस्तीमा पनि सजिलै ट्र्याक्टरमा सामान ढुवानी गर्न पाउँला भन्ने अपेक्षा पासाङफुन्जोलगायत सम्पूर्ण छेकम्पारवासीको छ।

# स्थानीय तहबाटै प्यान कार्ड जारी

**पोखरापत्र संवाददाता**
गोरखा, २४ पुस

हिमालपारिको चुमनुब्री गाउँपालिकाले गण्डकी प्रदेशमै पहिलोपटक स्थायी लेखा नंम्बर (प्यान) दिन सुरु गरेको छ। गण्डकी प्रदेशका ८५ स्थानीय तहमध्ये आफूहरूले पहिलोपटक स्थायी लेखा नम्बर दिन सुरु गरेको सो पालिकाका प्रमुख प्रशासकीय अधिकृत मनोज लामिछानेले बताउनुभयो।

सरकारले गोरखालगायत विभिन्न ३८ जिल्लाका कर सेवा कार्यालय खारेज गरेसँगै उक्त कार्यालयबाट प्रवाह हुने कतिपय सेवासुविधा कोष तथा लेखा नियन्त्रण कार्यालय वा स्थानीय तहबाटै प्रवाह गर्ने व्यवस्था मिलाइएको छ।

सरकारको सोही निर्णयबमोजिम चुमनुब्री गाउँपालिका स्थानीय तहबाटै करसम्बन्धी सेवा शुभारम्भ गरेको पालिकाको प्रमुख प्रशासकीय अधिकृत लामिछानेले जानकारी दिनुभयो।

उहाँका अनुसार पालिकाबाट करसेवा शुभारम्भ गर्ने सम्बन्धमा बुधबार गाउँपालिका र आन्तरिक राजस्व कार्यालय, दमौलीबीच सम्झौता भएको छ। "सम्झौताअनुसार पालिकाबाट स्थायी नम्बर (प्यान) र व्यावसायिक स्थायी लेखा नम्बर (बिजनेस प्यान) जारी गर्न मिल्छ", उहाँले भन्नुभयो। पालिकाले आफ्नो क्षेत्राधिकार भित्रका करदातालाई आयकर, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क लगायतका कर सिफारिस गर्ने, दर्ता प्रमाणपत्र र इजाजतपत्र उपलब्ध गराउने, संशोधन गर्ने र आफूबाट हुन नसकेका काम सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा सिफारिस गर्ने सम्झौता भएको उहाँको भनाइ छ। पालिकाबाट उक्त सेवा सञ्चालन गर्न आवश्यक स्रोतसाधन र जनशक्तिको व्यवस्थापन पालिका आफैँले गर्नुपर्ने प्रमुख प्रशासकीय अधिकृत लामिछाने बताउनुहुन्छ। "गाउँपालिकाले आन्तरिक राजस्व विभागबाट सञ्चालित पोर्टल प्रयोग गरेर करसम्बन्धी सेवा सञ्चालन गर्नुपर्ने हुन्छ", उहाँले भन्नुभयो, "विभागको पोर्टल के, कसरी सञ्चालन गर्ने भन्ने सम्बन्धमा उहाँहरूले नै हाम्रो कर्मचारीलाई आवश्यक तालिम तथा जानकारी दिने सम्झौता भएको छ।"

करदातालाई प्रदान गरिने सेवाको सुनिश्चतता र आवश्यक समन्वयका लागि दुवै पक्षले एक-एक जना अधिकृतस्तरको कर्मचारीलाई 'जिम्मेवार व्यक्ति' तोक्ने निर्णय सम्झौताले गरेको छ। सेवा प्रवाह गर्ने प्रक्रियामा कुनै समस्या आएमा सम्बन्धित आन्तरिक राजस्व विभागसँग आवश्यक सहजीकरण र समन्वय गर्ने सम्झौता भएको छ। करदाता सेवा कार्यालय खारेज गर्ने सरकारको निर्णय बुधबारदेखि लागू भएको कोष तथा लेखा नियन्त्रक कार्यालय (कोनेनिका) का प्रमुख इन्द्रप्रसाद पौडेलले बताउनुभयो।

कर कार्यालय खारेज भएसँगै कोलेनिकाले बुधबारबाटै करसम्बन्धी सेवा प्रवाह सुरु गरेको उहाँले जानकारी दिनुभयो। "कोलेनिकाले बुधबार पहिलो दिन करसम्बन्धी सेवा प्रवाह सुरु गरेको भए पनि सेवाग्राहीको सङ्ख्या धेरै नै देखियो", उहाँले भन्नुभयो, "हाम्रा कर्मचारीलाई कर कार्यालयको काम कारबाही बुझ्न समय लाग्ने भएकाले त्यहाँका कर्मचारी केही समय यहीँ बसेर काम गर्नुहुन्छ। बिस्तारै हामी आफैँले आवश्यक कर्मचारी व्यवस्थापन गरेर करसेवा प्रवाह गर्ने छौँ।" कार्यालयले पहिलो दिन स्थायी लेखा नम्बर (प्यान) वितरण र कर चुक्ताको काम गरेको प्रमुख पौडेलले बताउनुभयो।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः
वि. स. १९९०/04/0९ गते

स्वर्गारोहणः
वि.स. २०८२/0९/१३ गते

**स्वः चन्द्रकला कोइराला**

यस सत्य सेवा आमा समुहका कार्यसमिति सदस्य पार्वती गौतमको ममतामयी माता **चन्द्रकला कोइराला** को ९२ वर्षको उमेरमा भएको असामयिक निधनले अत्यन्तै मर्माहत र स्तव्ध भएको छ। वियोगको यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै र यस शोकलाई सहन गर्न सक्ने शक्ति प्राप्त होस् भन्ने प्रार्थनाका साथ उहाँ ब्रम्हलीन हुनुभएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं।

प्रेम प्रसाद पराजुली
अध्यक्ष तथा
नागेश्वर भजन कृतन समुह परिवार

जमुनादेवी श्रेष्ठ
अध्यक्ष तथा
सत्य सेवा आमा समुह परिवार

पोखरा महानगरपालिका–१३ बाँझापाटन


# कम्युनिष्ट पार्टीबीच एकता हुनुपर्नेमा जोड

**रासस**
पोखरा, २४ पुस

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले सम्पूर्ण कम्युनिष्ट घटकलाई आफ्नो पार्टीमा एकताबद्ध हुन आह्वान गर्नुभएको छ।

बिहीबार पेरिसडाँडास्थित पार्टी केन्द्रीय कार्यालयमा आयोजित पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै मुलुकको समृद्धिका निम्ति जनताको चाहनाबमोजिम सम्पूर्ण कम्युनिष्ट पार्टीबीच बृहत् एकता हुनुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "मुलुकको राष्ट्रिय एकता, स्वाधीनता र आर्थिक समृद्धि सुदृढ गर्न अहिलेको आवश्यकता भनेको कम्युनिष्टबीच बृहत् राष्ट्रिय एकता हो, हामी एक हुँदा जेनजी पुस्ताको आकाङ्क्षा पूरा गर्न सकिन्छ।" संयोजक दाहालले जेनजी युवाले आफ्ना विचार र भावना राख्नसक्ने पार्टी नेकपा मात्रै भएको उल्लेख गर्दै राष्ट्रको एकतालाई र स्वाधीनतालाई सुदृढ गर्ने ऐतिहासिक जिम्मेवारी आफ्नो पार्टीमा आएको बताउनुभयो। नेपाल दलित मुक्तिमोर्चाका प्रतिनिधिसँग आज भएको भेटमा दलित समुदायको आर्थिक, सामाजिक र राजनीतिक अधिकारका निम्ति आफ्नो पार्टीले लामो समयदेखि सङ्घर्ष गर्दै आएको प्रष्ट पार्नुभयो।

# एसओएस गण्डकीमा ४२ औँ खेलकुद दिवसको समुद्घाटन

**पोखरापत्र संवाददाता**
पोखरा, २४ पुस

पोखराको रामबजारस्थित एसओएस हर्मन माइनर विद्यालय गण्डकीको ४२ औँ खेलकुद दिवस एक भव्य समारोहबीच समुद्घाटन गरिएको छ। बिहीवार विद्यालयको प्राङ्गणमा आयोजित उक्त त्रिदिवसीय खेलकुद समारोहलाई शिक्षा विकास तथा समन्वय एकाइ कास्कीका प्रमुख लोकनाथ आचार्यले पानसमा दीपप्रज्ज्वलन गरी समुद्घाटन गरे।

समुद्घाटन समारोहमा आफ्नो मन्तव्य राख्दै प्रमुख अतिथि आचार्यले समावेशी सिद्धान्तलाई आत्मसात् गर्दै एसओएसले निश्चित मूल्यमान्यतासहित राष्ट्रको गुणस्तरीय शिक्षामा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको बताए। अनुशासित भएर खेलमा सहभागी भएमा खेलकुदले विद्यार्थीको शारीरिक तन्दुरुस्तीका अतिरिक्त सिकाइ प्रक्रियामा पनि सहयोग पुऱ्याउने बताउँदै आचार्यले विद्यार्थीको भविष्य निर्माणमा समेत खेलकुदको भूमिका रहेको बताए। विद्यालयका विविध खेलकुदमा सहभागी हुने क्रममै विद्यार्थीको भविष्यको आधारशिला कोरिन्छ' आचार्यले भने, 'खेलमा भविष्य देख्ने विद्यार्थीहरू पछि यही आधारशिलामा टेकेर आफ्नो नाम राष्ट्रियदेखि अन्तर्राष्ट्रिय जगत्सम्म चम्काउन सफल हुन्छन्।' विद्यालयका खेलकुद शिक्षक दीपकबाबु नेपालीले चार सदन कप्तानहरूलाई शपथग्रहण गराई ४२ औँ खेलुकद दिवसको शुभारम्भ गरे। खेलकुद दिवसको समुद्घाटन समारोहमा विभिन्न दूरीका दौड, रिले



दौड, लङजम्प, सर्टपुटलगायतका अन्तरसदनात्मक खेलहरू सम्पन्न भएका थिए। विद्यार्थीहरूको शारीरिक कवाज प्रदर्शनी पनि समुद्घाटन समारोहको अर्को आकर्षण थियो।

एसओएस स्कुल गण्डकीका प्रधानाध्यापक चूडामणि सुवेदीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा विद्यालयका सहप्रधानाध्यापक प्रभास पौडेलले स्वागत मन्तव्य राखेका थिए। मन्तव्यका क्रममा सहप्रधानाध्यापक पौडेलले पछिल्ला केही वर्षयता एसओएसले हासिल गर्दै आइरहेको शैक्षिक सर्वोत्कृष्टताका बारेमा प्रकाश पार्दै विद्यालयको खेलकुद दिवसमा यस वर्ष जम्मा ६५ खेल समावेश गरिएको र त्यसमा ६ सय १३ विद्यार्थीहरूको प्रत्यक्ष सहभागिता रहने बताए।

वार्षिक खेलकुद समुद्घाटन समारोहको औपचारिक कार्यक्रमलाई समापन गर्दै विद्यालयका प्राचार्य चूडामणि सुवेदीले खेलमा जिताइसँगै सिकाइलाई पनि समान महत्त्व दिई अनुशासित र मर्यादित भएर उल्लासपूर्ण ढङ्गले विभिन्न खेलमा सहभागी हुन विद्यार्थीहरूलाई आग्रह गरे। समारोहमा एसओएस बालग्राम गण्डकीकी उपनिर्देशक भवानी बस्नेत, कालिका मावि रामबजारका प्रधानाध्यापक श्रीराम आचार्य, न्यू मोडल माध्यमिक विद्यालयका निर्देशक लक्ष्मण पोखरेल, एसओएस युवालय गण्डकीका प्रमुख रामचन्द्र पोखरेल, ताराकुञ्ज एकेडेमीका प्रधानाध्यापक पुष्पराज पौडेल, एसओएस गण्डकीका सहप्राचार्यद्वय वीरसिंह बूढा र प्रभास पौडेल, शिक्षक तथा कर्मचारी कल्याणकारी युनियन गण्डकीका एकाइ अध्यक्ष मिलन खत्री, विद्यालय व्यवस्थापन समितिका सदस्य खगेन्द्रराज बराल, एसओएस बालग्रामकी आमा प्रतिनिधि रेखादेवी राना, एसओएस गण्डकी भूतपूर्व विद्यार्थी मञ्चकी उपाध्यक्ष सम्झना पराजुली, विद्यालयका लेखापरीक्षकद्वय प्रदीप आचार्य र सुमन न्यौपाने, चिकित्सक धीरज अधिकारीलगायतका व्यक्तित्वहरूको सहभागिता रहेको थियो। प्रारम्भिक चरणका विजयी विद्यार्थीहरूलाई कार्यक्रमका प्रमुख अतिथि लोकनाथ आचार्य तथा विद्यालयका प्रधानाध्यापक चूडामणि सुवेदीले संयुक्त रूपमा प्रमाणपत्र, पुरस्कार तथा पदक प्रदान गरे।


## Regarding Information

With reference to the above matter, this is to inform that Ms. Kamala Khadka, a resident of Ward No. 03, Baglung Municipality, is the daughter of Mr. Dil Bahadur Khadka Chhetri. While Mr. Khadka was serving in the Indian Army, he had her date of birth recorded as 2025-08-22 (December 07, 1968 A.D.). However, at the time of her school admission in Nepal, her mother mistakenly recorded her date of birth as 2036-07-12 (October 29, 1979 A.D.).
Although her dates of birth differ in records maintained in India and Nepal, it is hereby informed that Ms. Kamala Khadka is one and the same person.

## जानकारी सम्बन्धमा

उपरोक्त सम्बन्धमा बागलुङ नगरपालिका वडा नम्बर ०३ निवासी कमला खड्काको बुवा श्री दिल बहादुर खड्का क्षेत्रीले आफु भारतिय सैनिक सेवामा कार्यरत रहदाँ कमला खड्काको जन्ममिति वि.सं. २०२५/०८/२२ गते (ई.स. १९६८ डिसेम्बर ०७ तारिख) लेखाउनु भएको र नेपालमा विद्यालयमा भर्ना हुदाँ आमाले भुलवस जन्ममिती वि.सं.२०३६/०७/१२ गते (ई.स. १९७९ अक्टोबर २९ तारिख) लेखाउनु भएको हुनाले निजको जन्ममिती भारत र नेपालमा फरक भएता पनि निज कमला खड्का एउटै व्यक्ति भएको जानकारी गराउदछौं॥

## पोखरा महानगरपालिका वडा नं. १४ को कित्ता नं. २३५०, २३५१, २३५२ र २३५३ को निजी जग्गाबाट निर्माण जन्य सामग्री उत्खनन् कार्य गर्ने सम्बन्धित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०९/२५)**

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १४ को निजी जग्गाबाट निर्माणजन्य सामग्री उत्खनन् कार्य गर्न निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावको नाम तथा ठेगाना | रोमबहादुर कार्की, पोखरा महानगरपालिका वडा नं. १४, कास्की, गण्डकी प्रदेश |
| प्रस्तावको व्यहोरा | दैनिक ४०० मे.ट. माटो उत्खनन् |
| प्रभाव पर्न सक्ने जिल्ला स्थानीय तह | पोखरा महानगरपालिका वडा नं. १४, कास्की, गण्डकी प्रदेश |
| जग्गाको कित्ता नं. | पोखरा महानगरपालिका वडा नं. १४ को कित्ता नं. २३५०, २३५१, २३५२ र २३५३ |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणाली बिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको स्थानीय तह तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

१. श्री पोखरा महानगरपालिका, १४ नं वडा कार्यालय, फोन नं. ०६१–५०५०१९
२. श्री रोमबहादुर कार्की, पोखरा महानगरपालिका, वडा नं. १४, फोन नं. ९८५६०३४०३७
३. श्री ग्रिनहेराल्ड इन्भाइरोमेन्टल एण्ड इन्जिनियरीङ कन्सल्ट प्रा.लि., नयाँ बानेश्वर काठमाण्डौं, फोन नं. ९८४६४०४११८ ईमेलः geecnepal@gmail.com